गुणस्तरीय शिक्षा : हाम्रो प्रतिबद्धता

त्रिभुवन विश्वविद्यालय

# धवलागिरि बहुमुखी क्याम्पस, बागलुङ

## क्याम्पसको ६१ औँ वार्षिकोत्सव मूल समारोहमा प्रस्तुत

## वार्षिक नीति तथा कार्यक्रम एवम्
## वार्षिक प्रगति प्रतिवेदन
## २०८०

फागुन ८, २०८०

# क्याम्पसको वार्षिक नीति तथा कार्यक्रम

प्रा.डा. दिनबहादुर थापा
अध्यक्ष, सञ्चालक समिति

धवलागिरि बहुमुखी क्याम्पसको ६१ औँ वार्षिकोत्सव मूल समारोहका प्रमुख अतिथि बागलुङ जिल्ला क्षेत्र नं. १ का माननीय सांसद चित्रबहादुर केसीज्यू, क्याम्पस प्रमुखज्यू, सञ्चालक समितिका सदस्यज्यूहरू, विशिष्ट अतिथिज्यूहरू, सहायक क्याम्पस प्रमुखज्यहरू, विभागीय प्रमुखज्यूहरू, कार्यक्रम संयोजकज्यूहरू, अभिभावकज्यूहरू, प्राध्यापक, कर्मचारी, स्ववियु अध्यक्ष तथा पदाधिकारीहरू, क्याम्पसमा क्रियाशील विद्यार्थी सङ्घसङ्गठनका प्रमुख तथा प्रतिनिधिहरू, सञ्चारकर्मी, विद्यार्थी भाइबहिनीहरू लगायत उपस्थित सम्पूर्ण महानुभावहरू !

## पृष्ठभूमि

समुदायको पहलकदमीमा वि.सं. २०१९ भाद्र दुई गते स्थापना गरी वि.सं. २०३० मा त्रिभुवन विश्वविद्यालयको आङ्गिक क्याम्पसमा परिणत भएको यस धवलागिरि बहुमुखी क्याम्पस, बागलुङले आज ६१ औं वार्षिकोत्सव मनाउन गइरहेको छ । मानविकी र कानुन सङ्कायका सीमित कार्यक्रमहरू मात्रै सञ्चालन गर्दै आएको यस क्याम्पसले समुदायको आवश्यकता अनुसारका विविध विषय र कार्यक्रमहरू थप गर्दै जानुपर्ने अवस्था अयो । तर त्रिभुवन विश्वविद्यालयले थपिएका नयाँ कार्यक्रमहरूलाई आफ्नो नियमित कार्यक्रमअन्तर्गत समावेश गर्न नसकेपछि बाध्यताबस यो क्याम्पस पनि स्वायत्तता (२०७६) तर्फ जानुपर्ने परिस्थिति सिर्जना भयो ।

यस क्याम्पसबाट उत्पादित जनशक्तिलाई अन्तर्राष्ट्रिय बजारमा प्रतिस्प्रधि गराउन र समायानुकूल शैक्षिक गुणस्तर कायम गर्न स्वायत्ततासँगै गुणस्तर सुनिश्चितता प्रत्यायन (QAA) प्रमाण पत्र प्राप्त गर्नुपर्ने परिस्थिति सिर्जना भयो । धवलागिरि बहुमुखी क्याम्पसक, बागलुङमा २०७८ भाद्र १७ को मितिमा यो सञ्चालक समितिको गठन भयो । पहिलो र दोस्रो वर्षका कार्यकालमा विभिन्न रचनात्मक कार्यहरू सम्पन्न भइसकेका छन् भने तेस्रो बर्से कार्यकालको वार्षिक नीति तथा कार्यक्रम क्याम्पसको ६१ औं वार्षिकोत्सवका उलक्ष्यमा यहाँ प्रस्तुत गरिएको छ ।

## क्याम्पसको सबल पक्ष, कमजोर पक्ष, अवसर र चुनौतीहरू (SWOT Analysis)

धवलागिरि बहुमुखी क्याम्पसको बृहत्तर विकासका लागि स्वायत्तताको प्राप्तिसँगै सञ्चालक समितिको काम, कर्तव्य र अधिकार प्रयोग गरी आवश्यकता अनुसारका समितिहरू बनाउने, शिक्षण, अनुसन्धान, विकास, विस्तार र सुदृढीकरणसँग सम्बन्धित आवश्यक नीतिनियमहरू निर्माण गर्ने, दीर्घकालीन योजना बनाउने, क्याम्पसको आन्तरिक तथा बाह्य आर्थिक स्रोत जुटाउने लगायतका कामहरू भइरहेका छन् । विश्वविद्यालय अनुदान आयोगबाट गुणस्तर सुनिश्चिता प्रत्यायन (QAA) प्रमाणपत्र प्राप्त गर्ने प्रक्रियालाई अन्तिम चरणमा पुर्‍याइएको छ । क्याम्पसको सम्भावना र चुनौतीका बारेमा क्याम्पसका शिक्षक, कर्मचारी, विद्यार्थी, अभिभावक र बुद्धिजीवीहरूसँगको आवश्यक छलफलबाट प्राप्त सुझावहरूलाई समेटी तयार गरिएको क्याम्पसको रणनीतिक योजना र वार्षिक कार्ययोजना (Strategic Plan & Annual Plan) विश्वविद्यालय अनुदान आयोगमा पेश गरिएको छ । समग्रमा क्याम्पसका सबल पक्ष, कमजोर पक्ष, अवसर र चुनौतीहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

### क्याम्पसका सबल पक्षहरू (**Strengths**)

- निर्धारित समयमा सर्वसम्मत रूपमा स्वतन्त्र विद्यार्थी युनियन, प्राध्यापक र कर्मचारी संघ गठन गरी क्याम्पसमा सिर्जनात्मक र पेसागत प्रोत्साहनका कार्यहरू भइरहेका,
- हरेक कक्षामा विद्यार्थी गुणस्तर समूह गठन गर्ने कार्यलाई निरन्तरता दिई गुणस्तरीय कार्यलाई सुव्यवस्थित गरिएको,
- हरेक शिक्षक तथा कर्मचारीका लागि कार्य विवरण तथा सेवासर्त (Job Description and TOR) को व्यवस्था भएको,
- क्याम्पसका शैक्षिक, प्रशासनिक र प्राज्ञिक कार्यहरू सुसम्पन्न गर्नका लागि विभिन्न उपसमितिहरू निर्माण गरी रचनात्मक कार्यहरू सम्पन्न गरिएको,
- विद्युतीय उपकरण (सफ्टवयर) मार्फत क्याम्पसको सम्पूर्ण अभिलेख व्यवस्थापन गरी दैनिक कार्य सम्पादनलाई सहज बनाउने प्रयास गरिएको,

- अनुसन्धान व्यवस्थापन समिति र अन्य विभागमार्फत प्राज्ञिक लेखन, लघुशोधकार्य, पत्रिका प्रकाशन तथा गोष्ठी सञ्चालन जस्ता प्राज्ञिक कार्यहरू सम्पन्नलाई निरन्तरता दिइएको,
- अनुसन्धान निर्देशिका र अक्षयकोष सञ्चालन कार्यविधि (२०७९) तयार गरी कार्यान्वयनमा आएको,
- करिब १०० विद्यार्थीलाई निःशुल्क छात्रवृत्ति र अनुसन्धानमूलक कार्य गर्ने उद्देश्यले स्थापित अक्षयकोषमा हालसम्म करिब ६५ लाख राशिको सहयोग प्राप्त भएको र यसमध्ये ३० लाख क्याम्पसको बैंकमा जम्मा भइसकेको,
- क्याम्पसको दोस्रो पञ्चवर्षीय रणनीतिक योजना (२०७९/०८४) लाई क्रमशः कार्यान्वयनमा ल्याइएको,
- सुविधा सम्पन्न पुस्ताकालय भवन निर्माणको अन्तिम चरणमा रहेको,
- शान्त, स्वच्छ र प्राज्ञिक वातावरण, पर्याप्त खेल मैदान र युरोगार्डसहितको खानेपानीको सुविधा उपलब्ध गराइएको,
- सुविधासम्पन्न पुस्तकालय, अत्याधुनिक विज्ञान प्रयोगशाला, मल्टिमेडिया, इन्टरनेट र कम्प्युटर ल्यावको सुविधा रहेको,
- क्याम्पस हाताभित्र चमेनागृह, बगैँचा र खेलकूद मैदानको व्यवस्था भएको,
- त्रिविका नियमित कार्यक्रममा २० प्रतिशत र अन्यमा तोकिए बमोजिमका जेहेन्दार तथा निःशुल्क छात्रवृत्तिको सुविधा भएको,
- सबैका लागि पहुँचका दृष्टिले भौगोलिक रूपमा सुगम स्थानमा क्याम्पस रहेको,
- शिक्षक, कर्मचारी, विद्यार्थी तथा अविभावकका बीचमा सुमधुर सम्बन्ध कायम रहेको,
- क्याम्पसका हरेक निर्णयहरू पारदर्शी र सहभागीतामूलक प्रक्रियाबाट हुने गरेको,
- सबै कक्षा कोठामा सेतो पाटी, ३६ वटा सि.सि. क्यामरा र २३ वटा कक्षा कोठामा विद्युतीय (मल्टिमेडिया) प्रविधिको सुविधा भएको,
- शिक्षण कार्यमा शैक्षणिक कार्ययोजना निर्माण गर्ने, प्रविधिको उपयोग गरी शिक्षण क्रियाकलाप गर्ने र विद्यार्थीको नियमित आन्तरिक परीक्षा लिने व्यवस्था भएको,
- क्याम्पसमा शिक्षक, कर्मचारी, छात्र र छात्राहरूका लागि आवास सुविधा उपलब्ध गराइएको,
- क्याम्पसमा ६९ जना शिक्षक र २८ जना कर्मचारी गरी कुल ९७ जना जनशक्ति रहेको,
- प्राध्यापक संघ, अनुसन्धान समिति र समाजशास्त्र/मानवशास्त्र विभागका तर्फबाट तीनवटा DOI प्राप्त जर्नल प्रकाशन भएका र समाजशास्त्र/मानवशास्त्र विभागबाट प्रकाशित जर्नलले अन्तराष्ट्रिय स्तरको स्टार समेत प्राप्त गरेको,
- क्याम्पसको दक्ष जनशक्तिमा विद्यावारिधि गरेका ५ जना र गर्दै गरेका ८ जना रहेका छन् भने एम.फिल गरेका ६ जना र गर्दै गरेका १० जना जनशक्ति रहेका छन् ।

## क्याम्पसका कमजोर पक्ष (Weaknesses)

- तोकिएको समयमा गुणस्तर सुनिश्चतता प्रत्यायन (QAA) का लागि आवश्यक प्रक्रिया पूरा गर्न नसक्नु,
- क्याम्पसका विभिन्न समिति, विभाग, प्रशासनिक शाखा र संयन्त्रबीचको समन्वयकारी भूमि प्रभावकारी भएको नदेखिनु,
- क्याम्पसको आन्तरिक स्रोत परिचालन र अन्य बैकल्पिक आय आर्जनको स्रोत व्यवस्थापन गर्न नसक्नु,
- सबै शिक्षकलाई अनिवार्य रूपमा अनुसन्धानात्मक कार्य र प्राज्ञिक लेखनमा उत्प्रेरित गराउन नसक्नु,
- शिक्षकलाई तोकिएको सेवासर्त (**TOR**) पूरा गर्न, शैक्षणिक योजना निर्माण तथा प्रभावकारी कार्यान्वयन गराउन नसक्नु,
- शिक्षक, कर्मचारी र प्रशासकहरूलाई जिम्मेवार र जवाफदेही बनाउन नसक्नु,
- आन्तरिक स्रोतबाट व्ययभार बहन गरी सञ्चालित शैक्षिक कार्यक्रम, अतिरिक्त कक्षा सञ्चालन र मर्मतसम्भारमा आवश्यक बजेटको अभाव,
- समयको मागअनुसार सबै शिक्षक र कर्मचारीलाई प्रविधिमैत्री बनाउन नसकिएको,
- पठनपाठनसँगै आन्तरिक मूल्याङ्कन, उपचारात्मक कक्षा, नतिजा वृद्धिलाई प्रभावकारी बनाउन नसकिएको,
- आधुनिक प्रविधियुक्त र नवीनतम् शिक्षण विधिलाई अवलम्बन गर्न नसकिएको,

- त्रिविबाट क्याम्पसका रिक्त दरबन्दीमा जनशक्ति परिपूर्ति गर्न नसकिएको,
- विगत वर्षका तुलनामा नयाँ विद्यार्थी भर्ना संख्या बढाउन र बीचमा कक्षा छोड्ने विद्यार्थीको संख्या कम गर्न नसकिएको ।

### क्याम्पसका अवसरहरू (**Opportunities**)

- धवलागिरि बहुमुखी क्याम्पसले केही विद्यार्थीलाई निःशुल्क छात्रवृत्तिसहित सर्वसुलभ र गुणस्तरीय शिक्षा दिइएको,
- धवलागिरि क्याम्पसले यस क्षेत्रको शैक्षिक र प्राज्ञिक नेतृत्व लिएको,
- क्याम्पसलाई धवलागिरि क्षेत्रको शैक्षिक अनुसन्धान केन्द्र बनाउन सकिने सम्भावना रहेको,
- क्याम्पसको आफ्नै जग्गा र भवनमा १० परिवार क्षमताको शिक्षक कर्मचारी आवास, ३० क्षमताको पुरूष छात्रावास र ८० क्षमताको महिला छात्रावासको सुविधा रहेको,
- क्याम्पसको आफ्नो जग्गामा व्यापारिक प्रयोजनका लागि सटरहरू निर्माण गरी आन्तरिक आम्दानीलाई बढाउन सकिने सम्भावना रहेको,
- स्थानीय तहसँग समन्वय गरी स्थानीय योजना तर्जुमा तथा कार्यान्वयन गर्नका लागि आवश्यक पर्ने जनशक्ति उपलब्ध गराउन सक्ने सम्भावना रहेको ।

### क्याम्पसका चुनौतीहरू (**Threats\Challenges**)

- आन्तरिक स्रोतका पूर्णकालीन जनशक्तिलाई त्रिविको सेवासुविधा उपलब्ध गराउने समस्या,
- क्याम्पसको शैक्षिक जनशक्ति सरूवा तथा निवृत्त भई घट्दै जानु तर रिक्त रहेका दरबन्दीमा शिक्षक आपूर्ति नहुनु,
- गत आ.व. का तुलनामा नयाँ विद्यार्थी भर्ना सङ्ख्या र आम्दानीको स्रोत घट्दो क्रममा र तलवभत्ता, प्रशासनिक खर्च लगायतका शीर्षकमा खर्च बढ्दो क्रममा देखिनु,
- मानविकी सङ्कायतर्फ विद्यार्थी संख्यका घट्दो क्रममा हुनु र अन्य संकायतर्फ विद्यार्थीहरू बिचैमा कक्षा छोड्ने समस्या बढ्दोक्रममा रहेको,
- क्याम्पसमा सञ्चालित कार्यक्रमहरूका अनुपातमा विषयगत र दक्ष शैक्षिक जनशक्ति अपुग रहनु,
- स्नातकोत्तर तहका सेमेष्टर प्रणालीका दिवा कक्षाहरूमा प्रभावकारी पठनपाठन नहुनु,
- त्रिविले आर्थिक भार बहन नगरेका विषय (बिबिएस, बिएससी र स्नातकोत्तर तह) मा न्यूनतम् शुल्कमा गुणस्तरीय शिक्षा प्रदान गर्न समस्या भएको,
- गुणस्तर सुनिश्चतता प्रत्यायन (QAA) प्रमाणपत्र प्राप्ति र निरन्तरतामा चुनौति रहेको ।

## वार्षिक नीति तथा कार्यक्रम

क्याम्पसले तय गरेको गुणस्तरीय शिक्षा : हाम्रो प्रतिवद्धताको आदर्श वाक्यलाई सार्थक बनाउनका लागि क्याम्पस सञ्चालक समितिका तर्फबाट निम्न कार्यक्रमहरू प्रस्ताव गरिएको छ :

- क्याम्पसले तयार गरेको वार्षिक नीति तथा कार्यक्रमहरू प्रभावकारी ढंगले कार्यान्वयनमा ल्याउने,
- शैक्षिक गुणस्तर वृद्धि गर्न विषय शिक्षक, विभागीय प्रमुख, शैक्षिक प्रशासन र विद्यार्थी गुणस्तर समूह (SQC) लाई थप जिम्मेवार र प्रभावकारी गराउने,
- पूर्णकालिक शिक्षकहरूलाई क्याम्पसमा प्रतिहप्ता न्यूनतम् ४२ घण्टा ड्युटीमा रहने व्यवस्था मिलाउने,
- क्याम्पसका विभिन्न समितिहरू, विभाग, प्रशासनिक शाखा र संयन्त्रबीच समन्वय कायम गर्ने र थप जिम्मेवार बनाउने,
- आवश्यकता अनुसार विभिन्न समिति, एकाइहरु, शाखाहरू र विभागहरु परिमार्जन, समायोजन र सुधार गर्ने
- गुनासो व्यवस्थापन समितिलाई थप प्रभावकारी बनाउने,
- शैक्षणिका योजना निर्माण र कार्यान्वयन प्रक्रियालाई थप प्रभावकारी बनाउने,

- वार्षिक रूपमा न्यूनतम दुईवटा कार्यशाला गोष्ठी सञ्चालन र कम्तीमा तीनवटा DOI प्राप्त (समकक्षी समीक्षित) जर्नल प्रकाशन कार्यलाई निरन्तरता दिने,
- शिक्षक, कर्मचारी र विद्यार्थीहरूको अनुसन्धान तथा अवलोकन भ्रमण कार्यलाई निरन्तरता दिने,
- शिक्षक कर्मचारीहरूलाई प्रविधिमैत्री गराउने,
- निर्माणाधीन नयाँ पुस्तकालय भवनमा सुविधासम्पन्न पुस्तकालय तथा ई-पुस्तकालय सेवाहरु उपलब्ध गराउने,
- त्रिविसँग क्याम्पसका आफ्ना रिक्त दरबन्दीहरू र विद्यार्थी अनुपातमा थप दरबन्दी माग गर्ने,
- भूतपूर्व विद्यार्थी समाज र सेवानिवृत्त शिक्षक कर्मचारी परिषद गठन तथा कार्यकक्ष व्यवस्थापन गरी क्याम्पसको समुदायसँगको सम्बन्धलाई थप प्रभावकारी बनाउने,
- क्याम्पसका हरेक गतिविधिहरू वार्षिक शैक्षिक क्यालेन्डरका आधारमा सञ्चालन गर्ने,
- विद्यार्थीको भर्नादर, सिकाइको गुणस्तर र उत्तीर्ण प्रतिशतमा वृद्धि गर्ने,
- स्थानीय, प्रादेशिक, राष्ट्रिय, तथा अन्तराष्ट्रिय निकायहरूसँग समन्वय, सहकार्य र सहयोगको आदन प्रदान गर्ने,
- क्याम्पसको आन्तरिक आय आर्जनका स्रोतहरूको खोजी गर्ने,
- क्याम्पसका सम्पूर्ण गतिविधिहरू क्याम्पस बुलेटिन र वेवसाइटमार्फत सार्वजनिक गर्ने गरिएकोमा यसलाई थप प्रभावकारी बनाउने,
- आन्तरिक स्रोतका पूर्णकालीन जनशक्तिलाई त्रिविको सेवासुविधा उपलब्ध गराउने प्रबन्ध मिलाउने,
- क्याम्पसको वार्षिक क्यालेन्डरअनुसार सह तथा अतिरिक्त क्रियाकलापहरू तथा शैक्षणिक कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्ने,
- आन्तरिक परीक्षाको नतिजा विश्लेषण गरी विद्यार्थीहरूको वैयक्तिक भिन्नताका आधारमा पृष्ठपोषण र उपचारात्मक कक्षा सञ्चालन गर्ने,
- विद्युतीय उपकरण (सफ्टवयर) मार्फत क्याम्पसको सम्पूर्ण अभिलेख व्यवस्थापन तथा दैनिक कार्य सम्पादनलाई थप प्रभावकारी बनाउने,
- क्याम्पसको वार्षिकोत्सवमा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थी, चन्दादाता र स्मृतिकोषका संस्थापकहरूलाई पुरस्कृत गर्ने परम्परालाई निरन्तरता दिने,
- उत्कृष्ट कार्यसम्पादन गर्ने शिक्षक तथा कर्मचारीलाई पुरस्कृत गर्ने परम्परालाई निरन्तरता दिने,
- क्याम्पसमा विशुद्ध प्राज्ञिक वातावरण सिर्जना गर्ने, गराउने,
- त्रिविको विद्यमान ऐननियमको परिधिभित्र रही वार्षिक स्वीकृत बजेटका आधारमा वित्तीय अनुशासन कायम गर्ने,
- क्याम्पसको विज्ञ जनशक्तिलाई स्थानीय र राष्ट्रियस्तरको अनुसन्धानका क्रियाकलापमा सरिक गराउने,
- क्याम्पसका हरेक पूर्वाधार निर्माणमा थप जनसहभागिता जुटाउन पहल गर्ने,
- नयाँ भौतिक पूर्वाधार निर्माण गर्न आन्तरिक तथा बाह्य आर्थिक स्रोतको खोजी गर्ने,
- धवलागिरि क्षेत्रको पहिचान झल्किने गरी बहुसाँस्कृतिक सङ्ग्रहालय निर्माणका लागि पहल गर्ने,
- विज्ञान भवन अगाडि बोटानिकल गार्डेन निर्माण र व्यवस्थापन गर्ने,
- क्याम्पसलाई आवश्यक पर्ने सवारी साधन प्राप्तिका लागि विभिन्न दातृ निकायहरूसँग परामर्श र समन्वय गरी सहयोग जुटाउने,
- हरेक विभागमा प्रविधि, पुस्तकालय, भौतिक उपकरण लगायतको सुविधा व्यवस्था गरी विभागलाई जवाफदेही र क्रियाशील बनाउने,
- विद्यार्थीहरूको बिचैमा कक्षा छोड्ने समस्याको न्यूनीकरण गर्ने उपायहरू खोजी गर्ने,

- विद्यार्थीहरूलाई शिक्षण, निजामती, बैङ्किङ्, उद्यमशीलता तथा स्वरोजगासँग सम्बन्धित पेसाप्रति आकर्षित गराउने खालका कार्यक्रमहरू सञ्चालन गर्ने,
- समग्र विद्यार्थीहरूको औसत उत्तीर्ण प्रतिशत बढाउने प्रबन्ध मिलाउने,
- धवलागिरि क्षेत्रका अन्य क्याम्पस र विद्यालयहरूसँग सम्पर्क, समन्वय र प्राज्ञिक नेतृत्व गर्दै विद्यार्थी भर्ना दर बढाउने,
- क्याम्पसमा चन्दा, सहयोग, स्मृतिकोष, स्व.वि.यु. द्वारा देउसीभैलो कार्यक्रममार्फत सुरु गरेको रू. एक करोडको "धवलागिरि बहुमुखी क्याम्पस छात्रवृत्तिकोष २०८०" लाई समेत समेट्ने गरी विविध स्रोतबाट रू. पाँच करोडभन्दा बढीको अक्षय कोष खडा गर्ने,
- विभिन्न व्यक्ति र समूहबाट स्थापित अक्षयकोषलाई एउटै कार्यविधिबाट सञ्चालित हुने गरी "धवलागिरि बहुमुखी क्याम्पस अक्षयकोष २०७९" लाई आवश्यकताअनुसार संशोधन गरी सञ्चालनमा ल्याइने,
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दातृ निकायसँग सम्पर्क गरी आर्थिक तथा प्राविधिक सहयोग प्राप्तिका लागि पहल गर्ने,
- क्याम्पसका विशेष समारोहहरूमा शिक्षक तथा कर्मचारीहरूलाई तोकिए बमोजिमको पोशाक लगाउन अनिवार्य गर्ने, गराउने,
- एक सय विद्यार्थीका लागि छात्र छात्रावास र शिक्षककर्मचारीका लागिसुविधा सम्पन्न आवास निर्माणका लागि आर्थिक स्रोतको खोजी गर्ने,
- हरेक महिनाको अन्तिम हप्तामा क्याम्पसअन्तर्गत क्रियाशील प्रशासन, विभाग र समितिहरूको बैठक बसी कार्य सम्पादनका विषयमा छलफल गर्ने र त्रैमासिक रूपमा क्याम्पस सञ्चालक समितिको बैठक बसी नीतिगत विषयमा समीक्षा गर्ने,
- क्याम्पसको दोस्रो पञ्चवर्षीय रणनीतिक योजना (२०७९/०८४) अनुसार काम गर्ने गराउने,
- क्याम्पसबाट प्रकाशन हुँदै आइरहेका जर्नलहरूको थप स्तर वृद्धि गरी अन्तरराष्ट्रिय मापदण्डअनुरूप प्रकाशन गर्ने,
- शैक्षिक तथा प्रशासनिक कार्यलाई चुस्त, दुरूस्त, जवाफदेही र पारदर्शी बनाउन क्याम्पस प्रशासन, मौजुदा विभाग, शाखा, एकाइ र उपसमितिहरूलाई सक्रिय र क्रियाशील बनाउने ।

अन्त्यमा आजका प्रमुख अतिथिज्यू, अतिथिज्यूहरू, सञ्चालक समितिका सदस्यज्यूहरू र सम्पर्ण क्याम्पस परिवारलाई धवलागिरि बहुमुखी क्याम्पस बागलुङको ६१ औँ वार्षिकोत्सवमा उत्साहपूर्वक भाग लिएर सभ्य र भव्य तरिकाबाट सम्पन्न गराउन विभिन्न पक्षबाट भूमिका निर्वाह गर्नुभएकामा यहाँहरू सबैप्रति हार्दिक आभार तथा धन्यवाद प्रकट गर्दछु । क्याम्पसको उत्तरोत्तर प्रगतिको कामनासहित यो नीति तथा कार्यक्रमका सम्बन्धमा यहाँहरूको रचनात्मक सुझावसहित अनुमोदनका लागि हार्दिक अनुरोध गर्दछु । धन्यवाद !

# वार्षिक प्रगति प्रतिवेदन–२०८०

-प्रा.डा. रामप्रसाद उपाध्याय

क्याम्पस प्रमुख

क्याम्पसको ६१ औँ वार्षिकोत्सव मूल समारोहका अध्यक्षज्यू, प्रमुख अतिथि बागलुङ जिल्ला क्षेत्र नं. १ का माननीय सांसद चित्रबहादुर केसीज्यू, विशिष्ट अतिथि एवम् अतिथिज्यूहरू, क्याम्पस सञ्चालक समितिका सदस्यज्यूहरू, विभागीय प्रमुख तथा कार्यक्रम संयोजकज्यूहरू, पूर्व क्याम्पस प्रमुखज्यूहरू, प्राध्यापक, कर्मचारी, स्ववियु अध्यक्ष एवम् पदाधिकारीहरू, क्याम्पसमा क्रियाशील विद्यार्थी संगठनका प्रमुख एवम् प्रतिनिधिहरू, अभिभावकज्यूहरू, आमन्त्रित पत्रकार बन्धुहरू, विद्यार्थी भाइबहिनीहरू एवम् उपस्थित महिला तथा सज्जनवृन्द ! सर्वप्रथम क्याम्पसको ६१ औँ वार्षिकोत्सवको यस मूल समारोहमा उपस्थित भइदिनुभएकामा यहाँहरू सबैलाई क्याम्पसका तर्फबाट हार्दिक स्वागत अभिवादन गर्न चाहन्छु । वि. सं. २०१९ मा स्थापित क्याम्पसले आफ्नो ६० औँ वसन्त पार गरी ६१ औँ वर्षमा प्रवेश गरेको यस पावन अवसरमा आयोजना गरिएको मूल समारोहमा क्याम्पसको शैक्षिक, प्रशासनिक तथा भौतिक अवस्थालाई संक्षिप्तमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## पृष्ठभूमि

उच्च गुणस्तरीय एवम् दक्ष जनशक्ति तयार पारी यस क्षेत्र र मुलुकको सर्वाङ्गीण विकासमा टेवा पुऱ्याउने उद्देश्यका साथ यहाँका प्रशासक, उद्योगपति, व्यापारी, शिक्षाविद्, समाजसेवी, बुद्धिजीवी, राजनीतिकर्मी सबैको दृढ अठोट र कठोर परिश्रमको फलस्वरूप २०१९ साल भाद्र २ गतेका दिन स्थापना भएको यस क्याम्पसको आर्थिक, भौतिक तथा शैक्षिक विकासमा योगदान पुऱ्याउनुहुने समस्त महानुभावहरूमा क्याम्पस परिवारका तर्फबाट हृदयदेखि नै सम्मान प्रकट गर्दछु ।

यस धवलागिरि क्षेत्रमा त्रि.वि. अन्तर्गतको एक मात्र स्वायत्तताप्राप्त आङ्गिक क्याम्पसका रूपमा यो क्याम्पस सञ्चालित छ । क्याम्पसका शैक्षिक, प्रशासनिक, आर्थिक तथा भौतिक अवस्थाको व्यवस्थापन पक्षलाई अझै प्रभावकारी बनाउनमा सहयोग पुगोस् भन्ने अभिप्रायले त्रि.वि. कार्यकारी परिषद्को मिति २०७७ भाद्र १७ गतेको निर्णयअनुसार गठित क्याम्पस सञ्चालक समिति र क्याम्पस कार्यकारी समितिले त्रि.वि.को स्वायत्ततासम्बन्धी ऐनले व्यवस्था गरेअनुरूप आफ्ना गतिविधिहरू अगाडि बढाइरहेको छ ।

**गुणस्तरीय शिक्षा : हाम्रो प्रतिबद्धता** भन्ने मूलमन्त्रलाई अवलम्बन गरी यो क्याम्पस मानविकी, शिक्षाशास्त्र, व्यवस्थापन र विज्ञान तथा प्रविधि अध्ययन संस्थानतर्फका स्नातक र स्नातकोत्तर तहका विद्यार्थीहरूले ल्याएको उत्कृष्ट नतिजालाई कायम राख्न तथा थप उचाइमा पुऱ्याउनका लागि अध्ययन, अनुसन्धान लगायतका शैक्षिक क्रियाकलापमा सहभागी भइरहेको छ । यसका साथै क्याम्पसले विशुद्ध प्राज्ञिक कार्यक्रमहरू मात्र नभई खेदकूद, खोज अनुसन्धान तथा सामाजिक दायित्त्व, समुदायको सेवाजस्ता मूल्य मान्यताहरूलाई समेत उच्च प्राथमिकता दिँदै आइरहेको छ ।

विश्वविद्यालय अनुदान आयोग (University Grants Commission, UGC) ले अभियानका रूपमा उच्च शिक्षाको गुणस्तर सुधार गर्ने उद्देश्यले अगाडि बढाएको गुणस्तर सुनिश्चितता प्रत्यायन् (Quality Assurance and Accreditation, QAA) प्रमाण पत्र प्राप्त गरी शैक्षिक गुणस्तरको मानक कायम गर्नेतर्फ मिहिनेतका साथ शैक्षिक, भौतिक तथा प्रशासनिक गुणस्तर सुधार गर्ने कार्यहरू तीव्र गतिमा अगाडि बढिरहेका छन् । यो प्रमाणपत्र प्राप्तिको विभिन्न चरणहरू पार गरी अन्तिम चरणमा क्याम्पस आइपुगेको छ ।

क्याम्पसले आफ्नो स्थापना कालदेखि नै विभिन्न किसिमका आरोह अवरोह पार गर्दै आजको यो अवस्थामा आइपुग्दा आफ्नो दूरगामी लक्ष्यअनुसार स्वायत्तता र गुणस्तर सुनिश्चितता प्रत्यायनको कार्यक्रमलाई एकैसाथ अगाडि बढाइरहेको छ । यसै सन्दर्भमा निकट भविष्यमै गुणस्तर सुनिश्चितता प्रत्यायन प्रमाण पत्र प्राप्त गरी गण्डकी प्रदेशको उच्च र प्रतिष्ठित शैक्षिक संस्थाका रुपमा आफूलाई स्थापित गराउन क्याम्पस अग्रसर छ ।

**उपस्थित महानुभावहरू !**

यस गरिमामय समारोहमा अब म क्याम्पसको वर्तमान शैक्षिक, प्रशासनिक, आर्थिक तथा भौतिक अवस्थाका बारेमा सङ्क्षिप्त रूपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**शैक्षिक कार्यक्रम**

क्याम्पसमा हाल स्नातक तहतर्फ मानविकी, शिक्षाशास्त्र, व्यवस्थापन (बिबिएस र बिबिए) र विज्ञान तथा प्रविधितर्फका कक्षाहरू र स्नातकोत्तर तहतर्फ समाजशास्त्र/मानवशास्त्र, नेपाली, व्यवस्थापन, नेपाली शिक्षा, पाठ्यक्रम तथा मूल्याङ्कन एवम् अङ्ग्रेजी विषयका शैक्षिक कार्यक्रमहरू त्रि.वि. बाट विभिन्न मितिमा स्वीकृत भई सञ्चालनमा रहेका छन् । क्याम्पसमा परम्परागत रूपमा पठनपाठन हुँदै आइरहेका विषयहरूका अतिरिक्त बजारले माग गरेअनुसारको जनशक्ति उत्पादन गर्ने उद्देश्यले विभिन्न सङ्कायतर्फ विभिन्न शैक्षिक कार्यक्रमहरू थप गर्दै जाने क्याम्पसको नीतिअनुरूप गत वर्षदेखि स्नातकोत्तर तहमा अङ्ग्रेजी शिक्षा विषयको पठनपाठन सञ्चालन गरिएको र BCA कार्यक्रम स्वीकृत भएको व्यहोरा अवगत गराउन चाहन्छु ।

क्याम्पसले सिमित साधन र स्रोतका बावजुद् पनि आफ्ना शैक्षिक गतिविधिलाई यथासम्भव समयानुकूल बनाउँदै अगाडि बढ्ने क्रममा रहेको छ । बैदेशिक रोजगारीका कारण ड्रपआउट दर उच्च रहेकाले सकेसम्म विद्यार्थीहरूलाई तह पूरा नहुने समयसम्म क्याम्पसमा नै रहने वातावरण सिर्जना गर्ने अभियानमा क्याम्पस अग्रसर भएको छ । विद्यार्थीहरूलाई स्वयम् कमाउँदै पढ्दै अभियान सञ्चालन गर्ने योजना क्याम्पसले अगाडि ल्याएको छ ।

प्राध्यापक तथा विद्यार्थीहरूलाई समेत अनुसन्धानमूलक कार्यमा अभिप्रेरित गर्नका लागि विभिन्न पालिका एवम् संस्थासँग समन्वय गरिएको छ । क्याम्पसमा अध्ययन गर्न आउने विपन्न परिवारका विद्यार्थीहरूलाई सहयोग पुगोस् भन्ने उद्देश्यले वार्षिक १०० जना बराबर विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्ने उद्देश्यले स्थापना गरिएको अक्षयकोषको लक्ष्य पूरा गर्न स्ववियुको सक्रियतामा देउसी भैलो कार्यक्रम समेत सम्पन्न गरिएको छ । यस कार्यक्रमबाट हालसम्म ७२ लाख बराबर नगद सहयोग दाताहरूबाट प्राप्त हुने प्रतिबद्धता प्राप्त भएको र करिब ३९ लाख नगद जम्मा भइसकेको छ । यो अभियान निरन्तर जारी रहेको छ ।

क्याम्पसले निर्माण गरेको महिला छात्रावासमा करिब ३५ जना विद्यार्थीहरू बसोबास गर्न थालेका छन् । शिक्षक तथा कर्मचारीहरूका लागि विभिन्न क्याम्पसको स्थलगत भ्रमण कार्यक्रमको आयोजना गरिएको थियो भने विभिन्न सङ्काय र तहका विद्यार्थीहरू पनि विभिन्न स्थानको शैक्षिक भ्रमणमा सहभागी भएका छन् । परीक्षाफललाई वृद्धि गर्ने उद्देश्यले उपचारात्मक कक्षाको सञ्चालन गर्न थालिएको छ । आफ्नो अध्ययन पूरा भएपछि विद्यार्थीहरूलाई व्यावहारिक जीवन यापनमा सहयोग पुगोस् भन्ने उद्देश्यले ननक्रेडिट कोर्सको अध्यापन समेत सुरू गरिएको छ ।

छपाईलाई मितव्ययी र सुलभ बनाउन रङ्गिन फोटोकपी मेसिन खरिद गरी विद्यार्थी परिचयपत्र, आवश्यक प्रमाणपत्र क्याम्पसबाटै तयार गर्न थालिएको छ । क्याम्पसले प्रयोगमा ल्याएको EMIS सफ्टवेयरमा शिक्षक, कर्मचारी र विद्यार्थीहरूको व्यक्तिगत प्रोफाइल, परीक्षाफल लगायतका विवरण तयार गरिएको छ । क्यु. आर. कोड वा अनलाइनमार्फत् विद्यार्थीहरूलाई शुल्क तिर्न सक्ने गरी Software तयार गरिएको छ । अधिकांश कक्षाकोठामा प्रोजेक्टर जडान गरी मल्टिमेडियाबाट अध्यापन गराउन थालिएको छ । क्याम्पसका विभिन्न स्थान, कक्षाकोठा र प्रशासनिक कार्यकक्षमा गरी ३६ वटा सीसी क्यामेरा जडान गरिएको छ । क्याम्पसले तयार गरेको वार्षिक शैक्षिक क्यालेन्डरअनुसार विद्यार्थीकेन्द्रित अतिरिक्त क्रियाकलाप सञ्चालन भइरहेका छन् । क्याम्पसका महत्त्वपूर्ण सूचनाहरूलाई डिजिटल बोर्डको माध्यमबाट प्रसार गर्ने व्यवस्था गरिएको छ । विद्यार्थीका प्रतिभाहरू प्रस्फुटन गराउने उद्देश्यसहित साँस्कृतिक कक्षको स्थापना गरिएको छ ।

## प्राध्यापक र कर्मचारी विवरण

यस क्याम्पसमा (मिति २०८० माघ १५ गतेसम्म) शिक्षकतर्फ ६९ र कर्मचारीतर्फ २८ जना गरी कुल ९७ जना शैक्षिक जनशक्ति विभिन्न तहमा कार्यरत छन् । यसमध्ये शिक्षकतर्फ पूर्णकालीन-५७, कोर्सकरार-८ र आंशिक-४ जना रहेका छन् भने कर्मचारीतर्फ २७ जना पूर्णकालीन र १ जना सेवा करारमा सेवारत् छन् । प्राध्यापक तथा कर्मचारीको विस्तृत विवरण क्याम्पसको धवल वार्षिक प्रगति प्रतिवेदन ०७९/०८० मा उल्लेख गरिएको छ । विगत लामो समयदेखि आंशिक सेवामा कार्यरत २३ जना शिक्षकहरूलाई क्याम्पसले गत वर्ष आन्तरिक कार्यविधि तयार गरी पूर्णकालीन शिक्षकका रूपमा नियुक्ति गरेको छ । यसले लामो समयदेखि आंशिक सेवामा रहेका शिक्षकहरूका लागि थोरै भए पनि राहात भएको महसुस गरिएको छ । क्याम्पसमा यसै वर्ष त्रि.वि. बाट स्वीकृति लिई अस्थायी सेवा करारमा एक जना कार्यालय सहयोगी कर्मचारी नियुक्त गरिएको छ ।

**तालिका : १.**
**क्याम्पसमा कार्यरत शिक्षक र कर्मचारीहरूको विवरण- २०८०**

| विषय | शिक्षक विवरण | | | | | | कर्मचारी विवरण | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा सं. | पूर्णकालीन | | पूर्णकालीन शिक्षक | कोर्सकरार तथा आशिंक | | पद | स्थायी | करार | जम्मा |
| | | स्थायी | करार | | कोर्स करार | आंशिक | शाखा अधिकृत | ४ | | ४ |
| अङ्ग्रेजी | १३ | ७ | - | ४ | १ | १ | मुख्य कार्यालय सहायक | ७ | | ७ |
| नेपाली | ९ | ६ | - | २ | — | १ | मुख्य लेखा सहायक | १ | | १ |
| अर्थशास्त्र | ६ | ४ | १ | — | — | १ | मुख्य प्राविधिक सहायक | १ | | १ |
| इतिहास | २ | १ | १ | — | — | — | कार्यालय सहायक | २ | २ | ४ |
| राजनीतिशास्त्र | २ | २ | — | — | — | — | पुस्तकालय सहायक | १ | | १ |
| समाजशास्त्र/ मानवशास्त्र | ३ | १ | १ | १ | - | — | कार्यालय सहयोगी | ६ | २ | ८ |
| गणित | ६ | ३ | — | ३ | | — | सेवा करार कार्यालय सहयोगी | - | | २ |
| स्वास्थ्य शारीरिक | ३ | - | — | २ | १ | — | | | | |
| शिक्षा | १ | - | — | — | १ | — | | | | |
| पाठ्यक्रम | २ | १ | — | — | १ | — | | | | |
| व्यवस्थापन | ९ | ३ | २ | ३ | - | १ | | | | |
| विज्ञान तथा प्रविधि | ११ | १ | — | ७ | ३ | — | | | | |
| सूचना तथा प्रविधि | २ | - | - | १ | १ | - | | | | |
| जम्मा | **६९** | **२९** | **५** | **२३** | ८ | ४ | | **२२** | ६ | **२८** |
| | | प्राध्यापक/कर्मचारी जम्मा : ६९+२८ = **९७ जना** | | | | | | | | |

क्याम्पस प्रशासन शाखा, २०८०, असार ।

## विद्यार्थी विवरण

विगत समयमा साविक धवलागिरि अञ्चलमा नै उच्च शिक्षा प्रदान गर्ने एक मात्र संस्थाका रूपमाा यो क्याम्पस रहेको भए तापनि क्याम्पसका छिमेकी फिडर जिल्लाहरू पर्वत, म्याग्दी र मुस्ताङ जिल्लामा सामुदायिक तथा नीजि क्षेत्रमा समेत सम्बन्धनप्राप्त क्याम्पस खुलेकाले यहाँ अध्ययन गर्न आउने धेरैजसो विद्यार्थीहरू ती क्याम्पसहरूमा अध्ययन गर्न थालेकाले पछिल्लो समयमा आएर विद्यार्थी सङ्ख्या अपेक्षित रूपमा बढ्न सकेको देखिदैन । हाल क्याम्पसको विभिन्न तह र कक्षामा जम्मा २१०९ जना विद्यार्थीहरू अध्ययन्रत छन् ।

क्याम्पसमा शैक्षिक सत्र २०८० मा विभिन्न सङ्काय तथा संस्थानका तह र वर्षमा अध्ययन गर्ने विद्यार्थीहरूको विवरणलाई देहायअनुसार प्रस्तुत गरिएको छः-

**तालिका : २**
**क्याम्पसमा अध्ययनरत विद्यार्थीको विवरण-२०८०**

| सङ्काय तथा संस्थान | कार्यक्रम तथा तहगत विद्यार्थी सङ्ख्या | | | |
|---|---|---|---|---|
| | तह | छात्र | छात्रा | जम्मा |
| मानविकी | स्नातक | ५२ | ५७ | १०९ |
| शिक्षाशास्त्र | स्नातक | १११ | ५१३ | ६२४ |
| बिबिएस | स्नातक | ३२४ | ६२२ | ९४६ |
| बिएससी | स्नातक | १७ | ६८ | ८५ |
| बिबिए | स्नातक | ३१ | १०७ | १३८ |
| नेपाली शिक्षा | स्नातकोत्तर | ८ | ९ | १७ |
| समाजशास्त्र/मानवशास्त्र | स्नातकोत्तर | ३८ | १३ | ५१ |
| पाठ्यक्रम तथा मूल्याङ्कन | स्नातकोत्तर | २० | ११ | ३१ |
| एमबिएस | स्नातकोत्तर | ३९ | ३५ | ७४ |
| अङ्ग्रेजी शिक्षा | स्नातकोत्तर | १६ | १८ | ३४ |
| कुल जम्मा | | ६५६ | १४५३ | २१०९ |

स्रोतः क्याम्पसको आन्तरिक अभिलेख, २०८० (माघ मसान्तसम्मको अभिलेख, स्नातक तह प्रथम वर्ष र स्नातकोत्तर तह प्रथम सत्रमा विद्यार्थी भर्नाको क्रम चलिरहेको) ।

२०७९ सालमा क्याम्पसमा क्रियाशील विद्यार्थी संघ/संगठनको सर्वपक्षीय सहमतिमा गठन भएको स्ववियुले क्याम्पस प्रशासन र क्रियाशील विद्यार्थी संगठनसँग समन्वय र सहकार्य गरी क्याम्पसको शैक्षिक तथा भौतिक विकासमा सकारात्मक र रचनात्मक भूमिका निर्वाह गरिरहेको छ । क्याम्पसमा क्रियाशील विद्यार्थी संगठनहरू मूलतः नेपाल विद्यार्थी संघ, अनेरास्ववियु, अनेरास्ववियु क्रान्तिकारी, अनेरास्ववियु छैटौँ, अनेरास्ववियु (समाजवादी), अनेरास्ववियु क्रान्तिकारी (बहुमत), अनेरास्ववियु क्रान्तिकारी (विप्लव), राप्रवि संघ, मगर विद्यार्थी संघ, संघीय समाजवादी विद्यार्थी संघसहित स्ववियुमा संलग्न रहेका अन्य विद्यार्थी संगठनहरू तथा विद्यार्थी गुणस्तर समूहबाट क्याम्पस प्रशासनले अगाडि बढाएका शैक्षिक तथा भौतिक विकासमा महत्त्वपूर्ण भूमिका खेल्दै आएको व्यहोरा पनि यहाँ उल्लेख गर्न चाहन्छु ।

## शैक्षिक उपलब्धि

शैक्षिक संस्थाको गरिमा तथा प्रतिष्ठा भनेको भौतिक पूर्वाधारको उपलब्धता मात्र होइन । भौतिक पूर्वाधारहरू शैक्षिक उपलब्धिका सहायक स्रोत मात्र हुन् । क्याम्पसको विभिन्न तह र वर्षको वार्षिक परीक्षामा उत्तीर्ण हुने विद्यार्थीहरू र आफ्नो अध्ययन पुरा गरेर तह पार भएर जाने विद्यार्थीहरूको सङ्ख्यालाई अध्ययन गर्दा यस क्याम्पसको शैक्षिक उपलब्धि निराशाजनक देखिदैन । क्याम्पसबाट स्नातक तथा स्नातकोत्तर तह पार भएर जाने विद्यार्थीहरूको पेशा र रोजगारका क्षेत्रमा पहुँचलाई पनि शैक्षिक उपलब्धिको मानकका रूपमा लिन सकिन्छ । यसका लागि क्याम्पसले विगतका केही वर्ष अगाडिदेखि ट्रेसर स्टडिको कार्यलाई निरन्तरता दिइरहेको छ । आधुनिक प्रविधियुक्त पुस्तकालयको कमी, शिक्षाप्रति विद्यार्थीको उदासिनता, अभिभावकहरूमा पनि छोराछोरीप्रतिको पढाइबारेको चासो कम, तालिमप्राप्त र पूर्णकालीन शिक्षकहरूको अभाव आदिका बाबजुद पनि वार्षिक परीक्षाहरूमा सन्तोषजनक नतिजा ल्याउन क्याम्पस सफल रहेको देखिन्छ ।

नतिजाको विश्लेषण गर्दा क्याम्पसले बिबिएतर्फ राष्ट्रिय तथा गण्डकी प्रदेसमा नै सर्वोत्कृष्ठ नतिजा ल्याउन सफल भएको छ भने अन्य सङ्कायतर्फको परीक्षाफल पनि सन्तोषजनक रहेको छ । स्नातकोत्तर तहतर्फ पाठ्यक्रम तथा मूल्याङ्कन विषयमा त्रिविमै उत्कृष्ट नतिजा ल्याउन सफल भएको छ । उच्च माविको पाठ्यक्रम, परीक्षा प्रणाली र मूल्याङ्कन प्रणालीबाट उत्तीर्ण भई क्याम्पसको पठनपाठनमा सहभागी भएका विद्यार्थीहरूको लागि यहाँको शिक्षण पद्धति, पाठ्यक्रम, परीक्षा प्रणाली र मूल्याङ्कन पद्धतिभित्र छिरेर उत्कृष्ट नतिजा ल्याउने कार्य चुनौतीपूर्ण रहेकोले प्रथम र दोस्रो वर्षका विद्यार्थीहरूलाई थप परामर्श, सिकाइ, प्रशिक्षण र लगनशीलताका लागि प्रेरित गर्न जरूरी छ । क्याम्पसको पठनपाठनलाई अझै प्रभावकारी बनाई उत्तीर्ण प्रतिशतलाई बढाउनका लागि क्याम्पसका सम्बन्धित सरोकारवालाहरूको निरन्तर प्रयास जारी रहेको छ ।

क्याम्पसको समग्र नतिजाको विश्लेषण गर्दा पूर्णरूपमा सन्तोष गर्न सकिने अवस्था रहेको छैन । स्नातक तहतर्फ वार्षिक प्रणालीअन्तर्गत प्रथम वर्षको नतिजा अपेक्षा गरेअनुरूप नभए तापनि दोस्रो, तेस्रो तथा चौँथो वर्षको परीक्षाफल क्रमशः बढ्दै गएको देखिन्छ । स्नातक तहतर्फ बिबिएको नतिजा देशभरमा नै उत्कृष्ट रहेको छ । क्याम्पसमा बिबिएतर्फ भर्ना भएको पहिलो व्याचले पाँचौं, छैटौं र सातौं सेमेस्टरमा शतप्रतिशत नतिजा ल्याउन सफल भएको छ भने सातौं सेमेस्टरमा प्रतीक्षा गौतम ४ जिपिएसहित त्रिविअन्तर्गत देशभरमै सर्वोत्कृष्ट नतिजा ल्याउन सफल भएकी छन् । बिबिएतर्फ दोस्रो व्याचले चौँथो, पाँचौ र छैटौँ सेमेस्टरमा १०० प्रतिशत नतिजा ल्याउन सफल भएको छ । दोस्रो व्याचका विशाल श्रीसले चौँथो सेमेस्टरमा गण्डकी प्रदेशमा सर्वोत्कृष्ट नतिजा ल्याउन सफल भएका थिए । पहिलो व्याचमा भर्ना भएका ३२ जना विद्यार्थीहरूमध्ये आठौँ सेमेस्टरमा परीक्षा दिएका २८ जना मध्ये २५ जनाले सबै सेमेस्टर उत्तीर्ण गर्न सफल भएका छन् । एमएडतर्फ रवीन्द्र रेग्मी त्रिविमा उत्कृष्ट नतिजा ल्याउन सफल भएका छन् । यो परीक्षाफल हाम्रो लागि गौरवको विषय पनि हो । स्नातकोत्तर तहतर्फको नतिजा पनि सन्तोषजनक नै रहेको छ । विगतका तीनवटा वर्षको समग्र नतिजालाई हेर्दा उत्तीर्ण प्रतिशत बढ्दै गएको देखिए तापनि विश्वविद्यालय अनुदान आयोगले तोकेअनुसारको सफलता अझै पनि प्राप्त गर्न सकिएको छैन ।

विगतका वर्षहरूमा राष्ट्रिय रूपमा नै बिबिए, बिबिएस तथा मानविकी सङ्कायतर्फ उत्कृष्ट नतिजा ल्याउन क्याम्पस सफल भएको छ । यद्यपि उच्च मा. वि. को पाठ्यक्रम, परीक्षा प्रणाली र मूल्याङ्कन प्रणालीबाट क्याम्पसको पठनपाठनमा सहभागी भएका विद्यार्थीहरूको लागि यहाँको शिक्षण पद्धति, पाठ्यक्रम, परीक्षा प्रणाली र मूल्याङ्कन पद्धतिभित्र छिरेर उत्कृष्ट नतिजा ल्याउने कार्य चुनौतीपूर्ण रहेकोले प्रथम र दोस्रो वर्षका विद्यार्थीहरूलाई थप परामर्श, सिकाइ, प्रशिक्षण र लगावमा लाग्नका लागि प्रेरित गर्न जरुरी छ । क्याम्पसको पठनपाठनलाई अझै प्रभावकारी बनाई उत्तीर्ण प्रतिशतलाई बढाउनका लागि क्याम्पसका सम्बन्धित सरोकारवालाहरूको निरन्तर प्रयास जारी रहेको छ । यसका लागि क्याम्पसले आन्तरिक परीक्षा सञ्चालन गरेपछि वार्षिक परीक्षा सुरू नहुँदैसम्मको अवधिमा उपचारात्मक कक्षा (Remedial Class) सञ्चालन समेतको व्यवस्था गर्दै आएको छ ।

विगत केही वर्षदेखि क्याम्पसले वार्षिक शैक्षिक क्यालेण्डर निर्माण गरी सोहीअनुसार शिक्षकहरूलाई वार्षिक शैक्षिक कार्ययोजना तथा एकाइ योजना निर्माण गर्न लगाइ शिक्षण गतिविधिहरू अगाडि बढाइएको छ । त्यसै गरी शिक्षक कर्मचारीलाई स्वमूल्याङ्कन, समकक्षी मूल्याङ्कन, आन्तरिक विद्यार्थी तथा सरोकारवालाहरू समेतको मूल्याङ्कन गर्न गराउन लगाई आवश्यक पृष्ठपोषण दिने परिपाटीको सुरूवात गरिएको छ । २०७४ सालदेखि नियमित रूपमा आन्तरिक तथा बोर्ड परीक्षाको नतिजा विश्लेषण एवम् शैक्षिक परीक्षण गरी तथ्यगत सुधारका प्रयासहरू अगाडि बढाइएको छ । विद्यार्थीहरूलाई उनीहरूको आवश्यकताअनुसार अनलाइन पृष्ठपोषण, कक्षानोट तथा अनलाइन पाठ्यसामग्रीहरू उपलब्ध गराउने गरिएको छ ।

क्याम्पसले वार्षिकोत्सवका अवसरमा विगतका वर्षहरूमा हरेक सङ्काय तथा संस्थानका प्रत्येक तह/वर्ष तथा सेमेस्टरमा उत्कृष्ट नतिजा ल्याउने जेहेन्दार विद्यार्थीहरूलाई नगद पुरस्कारसहित पुरस्कृत गर्दै आइरहेको छ । यस वर्ष पनि यसलाई निरन्तरता दिइएको छ । क्याम्पसमा कार्यरत प्राध्यापक तथा कर्मचारीमध्येबाट सेवाकालीन समयावधिका आधारमा प्रत्येक वर्ष एकएक जनालाई सम्मान गर्दै आइरहेको छ । अघिल्लो वर्षदेखि कुल पाठ्यभार, विद्यार्थी सङ्ख्या, क्याम्पसमा उपस्थिति (साप्ताहिक ४२ घण्टा), अनुसन्धानमूलक कार्य, विद्यार्थीको औसत उत्तीर्ण प्रतिशत तथा कार्यसम्पादन आदि सूचकका आधारमा एकएक जना शिक्षक र कर्मचारीलाई सम्मान गर्ने परिपाटीको शूरूवात गरिएको थियो । यस वर्ष पनि उक्त कार्यलाई निरन्तरता दिइएको छ । यी सबै कार्यहरूले शैक्षिक उपलब्धिलाई बृद्धि गर्नमा सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

क्याम्पसमा विभिन्न सङ्काय तथा संस्थानका तह र वर्षमा अध्ययन गरी तह पार गर्ने विद्यार्थीहरूको विवरणलाई देहायअनुसार प्रस्तुत गरिएको छ :-

**तालिका : ३**

**विभिन्न शैक्षिक सत्रमा स्नातक तथा स्नातकोत्तर तह उत्तीर्ण हुने नियमित विद्यार्थीको विवरण**

| सङ्काय तथा वर्ष | तह | तह पार हुने विद्यार्थी सङ्ख्या २०७६ | तह पार हुने विद्यार्थी सङ्ख्या २०७७ | तह पार हुने विद्यार्थी सङ्ख्या २०७८ |
|---|---|---|---|---|

| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| मानविकी तथा सामाजिकशास्त्र | स्नातक | ६ | ८ | १४ | ६ | ५ | ११ | ९ | ११ | २० |
| शिक्षाशास्त्र | स्नातक | १९ | ६२ | ८१ | ५ | २० | २५ | ६ | ३० | ३६ |
| व्यवस्थापन | स्नातक | १५ | ३० | ४५ | ७ | २० | २७ | ७ | २१ | २८ |
| विज्ञान तथा प्रविधि | स्नातक | ४ | ११ | १५ | २ | ४ | ६ | ३ | ४ | ७ |
| एकवर्षे बिएड | स्नातक | १३ | ४ | १७ | ० | ० | ० | ० | ० | ० |
| **स्नातक तह जम्मा** | | **५७** | **११५** | **१७२** | **२०** | **४९** | **६९** | **२५** | **६६** | **९१** |
| एमबिएस | स्नातकोत्तर | ४ | २ | ६ | ४ | २ | ६ | ४ | २ | ६ |
| एमएड | स्नातकोत्तर | ११ | १६ | २७ | ० | ० | ० | ३ | ३ | ६ |
| एमए | स्नातकोत्तर | १५ | ५ | २० | ० | ० | ० | १ | ३ | ४ |
| **स्नातकोत्तर तह जम्मा** | | **३०** | **२३** | **५३** | **४** | **२** | **६** | **८** | **८** | **१६** |
| **कुल जम्मा** | | **८७** | **१३८** | **२२५** | **२४** | **५१** | **७५** | **३३** | **७४** | **१०७** |

स्रोतः क्याम्पस परीक्षा शाखा, २०८० ।

## क्याम्पसमा गत विगत तिनओटा शैक्षिक सत्रको नतिजा विवरण

### स्नातक तह

| सङ्काय तथा वर्ष | २०७६ | | | २०७७ | | | २०७८ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | परीक्षामा सम्मिलित | उत्तीर्ण | प्रतिशत | परीक्षामा सम्मिलित | उत्तीर्ण | प्रतिशत | परीक्षामा सम्मिलित | उत्तीर्ण | प्रतिशत |
| **मानविकी तथा सामाजिकशास्त्र** | | | | | | | | | |
| प्रथम वर्ष | ४९ | ११ | २२.४४ | ३७ | ६ | १६.२३ | ४४ | २ | ४.५४ |
| दोस्रो वर्ष | ३७ | ९ | २४.३२ | ४० | १४ | ३५ | २२ | १२ | ५४.५४ |
| तेस्रो वर्ष | ४४ | १८ | ४०.९१ | २१ | ७ | ३३.३३ | ३१ | १८ | ५८.०६ |
| **मानविकी जम्मा** | **१३०** | **३८** | **२९.२३** | **९८** | **२७** | **२७.५५** | **९७** | **३२** | **३२.९९** |
| **शिक्षाशास्त्र** | | | | | | | | | |
| प्रथम वर्ष | १६५ | १० | ६.०६ | १९५ | २५ | १२.८२ | २२३ | १२ | ५.३८ |
| दोस्रो वर्ष | १३५ | १७ | १२.५९ | १२४ | २१ | १६.९३ | १६२ | ३० | १८.५२ |
| तेस्रो वर्ष | ११५ | १८ | १५.६५ | १०३ | २३ | २२.३३ | १११ | २५ | २२.५२ |
| चौँथो वर्ष | ८९ | १७ | १९.१० | ८९ | २६ | २९.२१ | ९६ | ५४ | ५६.२५ |
| **शिक्षाशास्त्र जम्मा** | ५०४ | ६२ | १२.३० | ५११ | ९५ | १८.५९ | ५९२ | १२१ | २०.४४ |
| **व्यवस्थापन** | | | | | | | | | |
| प्रथम वर्ष | १८१ | ८ | ४.४२ | २७० | ३४ | १२.५९ | ३२८ | १८ | ५.४९ |
| दोस्रो वर्ष | १२६ | १४ | ११.११ | १२८ | २७ | २१.०९ | १८७ | २८ | १४.९७ |
| तेस्रो वर्ष | १११ | २० | १८.०१ | ८८ | २६ | २९.५४ | १०२ | १४ | १३.७२ |
| चौँथो वर्ष | ७६ | ३१ | ४०.७८ | ८७ | ३० | ३४.४८ | ७७ | ३२ | ४१.५६ |
| **व्यवस्थापन जम्मा** | **४९४** | **७३** | **१३.१५** | **५७३** | **११७** | **२०.४२** | **६९४** | **९२** | **१३.२६** |
| विज्ञान तथा प्रविधि प्रथम वर्ष | १८ | ३ | १६.६६ | २१ | १ | ४.७६ | १८ | ० | ० |
| दोस्रो वर्ष | १९ | ४ | २१.०५ | १६ | १ | ६.२५ | १७ | ३ | १७.६५ |
| तेस्रो वर्ष | २४ | १३ | ५४.१७ | १८ | ९ | ५० | १९ | ५ | २६.३१ |
| चौँथो वर्ष | १८ | १८ | १०० | २५ | १३ | ५२ | २३ | १५ | ६५.२२ |
| विज्ञान तथा प्रविधि जम्मा | ७९ | ३८ | ४८.१० | ८० | २४ | ३० | ७७ | २३ | २९.८७ |
| **बिबिए बाहेक स्नातक जम्मा** | १२०७ | २११ | १७.४८ | १२६२ | २६३ | २०.८४ | १४६० | २६८ | १८.३६ |
| **व्यवस्थापन बिबिए प्रथम** सेमेस्टर | ३१ | २९ | ९३.५४ | ३२ | २९ | ९०.६२ | ३१ | २२ | ७०.९७ |
| बिबिए दोस्रो सेमेस्टर | | | | | | | ३१ | २५ | ८०.६४ |
| बिबिए तेस्रो सेमेस्टर | २८ | २५ | ८९.२८ | २८ | २५ | ८९.२८ | ३० | २३ | ७६.६६ |
| बिबिए चौँथो सेमेस्टर | | | | | | | २८ | २५ | ८९.२८ |
| बिबिए पाँचौ सेमेस्टर | | | | | | | २८ | २८ | १०० |
| बिबिए जम्मा | ५९ | ५४ | ९१.५२ | ६० | ५४ | ९० | १४८ | १२३ | ८३.११ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| स्नातक तह जम्मा | १२६६ | २६५ | २०.९३ | १३२२ | ३१७ | २३.९८ | १६०८ | ३९१ | २४.३१ |

**स्नातकोत्तर तह**

| सङ्काय तथा वर्ष | २०७६ | | | २०७७ | | | २०७८ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | परीक्षामा सम्मिलित | उत्तीर्ण | प्रतिशत | परीक्षामा सम्मिलित | उत्तीर्ण | प्रतिशत | परीक्षामा सम्मिलित | उत्तीर्ण | प्रतिशत |
| **मानविकी तथा सामाजिकशास्त्र सङ्काय** | | | | | | | | | |
| समाजशास्त्र प्रथम सेमेस्टर | १९ | १२ | ६३.१५ | १० | ८ | ८० | - | - | - |
| समाजशास्त्र दोस्रो सेमेस्टर | | | | १६ | १० | ६२.५ | ७ | ५ | ७१.४३ |
| समाजशास्त्र तेस्रो सेमेस्टर | | | | - | - | - | १५ | ४ | २६.६६ |
| समाजशास्त्र चौंथो सेमेस्टर | | | | - | - | - | १५ | १५ | १०० |
| **मानविकी तथा सामाजिकशास्त्र जम्मा** | १९ | १२ | ६३.१५ | २६ | १८ | ६९.२३ | ३७ | २४ | ६४.८६ |
| **शिक्षाशास्त्र सङ्काय** | | | | | | | | | |
| पाठ्यक्रम प्रथम सेमेस्टर | | | | १३ | ६ | ४६.१५ | - | - | - |
| पाठ्यक्रम दोस्रो सेमेस्टर | ८ | ५ | ३७.५ | ९ | ३ | ३३.३३ | १३ | ४ | ३०.३७ |
| पाठ्यक्रम तेस्रो सेमेस्टर | | | | - | - | - | ९ | ५ | ५५.५५ |
| पाठ्यक्रम चौंथो सेमेस्टर | | | | - | - | - | ९ | ८ | ८८.८८ |
| नेपाली प्रथम सेमेस्टर | १४ | ० | ० | ६ | १ | १६.६६ | - | - | - |
| नेपाली दोस्रो सेमेस्टर | | | | १३ | २ | १५.३८ | ६ | १ | १६.६६ |
| नेपाली तेस्रो सेमेस्टर | | | | - | - | - | १२ | २ | १६.६६ |
| नेपाली चौंथो सेमेस्टर | | | | - | - | - | १२ | ८ | ६६.६६ |
| **शिक्षाशास्त्र सङ्काय जम्मा** | २२ | ५ | २२.७२ | ४१ | १२ | २९.२७ | ६१ | २८ | ४५.९० |
| **व्यवस्थापन सङ्काय** | | | | | | | | | |
| प्रथम सेमेस्टर | | | | ३५ | १६ | ४५.७१ | - | - | - |
| दोस्रो सेमेस्टर | ३० | १२ | ४० | २७ | १२ | ४४.४४ | ३१ | १२ | ३८.७१ |
| तेस्रो सेमेस्टर | | | | - | - | - | २५ | १५ | ६० |
| चौंथो सेमेस्टर | १० | ८ | ८० | १० | ८ | ८० | २५ | ११ | ४४ |
| **व्यवस्थापन सङ्काय जम्मा** | ४० | २० | ५० | ७२ | ३६ | ५० | ८१ | ३८ | ४६.९१ |
| **स्नातकोत्तर तह जम्मा** | ८१ | ३७ | ४५.६७ | १३९ | ६६ | ४७.४८ | १७९ | ९० | ५०.२७ |
| **स्नातक तथा स्नातकोत्तर तह जम्मा** | १३४७ | ३०२ | २२.४२ | १४६१ | ३८३ | २६.२१ | १७८७ | ४८१ | २६.९१ |

*स्रोत : क्याम्पस परीक्षा तथा लेखा शाखा, २०८० ।*

## आर्थिक अवस्था

क्याम्पसमा शैक्षिक कार्यक्रम विस्तार भएं सँगसँगै आम्दानी तथा खर्च दुबैमा वृद्धि हुँदै गइरहेको छ । क्याम्पसमा सञ्चालित विभिन्न शैक्षिक कार्यक्रमहरूमध्ये मानविकी र शिक्षाशास्त्र सङ्कायका स्नातक तहका कार्यक्रमबाहेक सम्पूर्ण कार्यक्रमहरू पूर्ण वा आंशिक रूपमा स्थानीय स्रोत परिचालन गरी सञ्चालन गरिएको छ । क्याम्पसको गत आर्थिक वर्ष ०७८/०७९ र ०७९/०८० को आय व्यय विवरण देहायअनुसार रहेको छ :-

तालिका : ४

**आर्थिक वर्ष ०७७/०७८ र ०७८/०७९ को आम्दानी तथा खर्च विवरण**

**आम्दानी विवरण**

| सम्पत्ति- विवरण | आ.व ०७७/०७८ | आ.व. ०७८/०७९ | आ.व. ०७९/०८० |
|---|---|---|---|
| विद्यार्थीबाट प्राप्त आम्दानी | १४४६०९२० | २८०५९७३२।०० | २६८४१७८६।१४ |
| केन्द्रीय कार्यालयबाट तलब भत्ताबापत प्राप्त रकम | ३५९३१००० | ४६३३६०००।०० | ४४६२८०००।०० |
| अन्य निकासा र परीक्षा सञ्चालन | १३८५३८८ | १३८१३१४।५० | १००७९५५।०० |
| स.क्या. प्रमुख बिदा र युटिलिटीको रकम शोधभर्ना | ४९६०६४ | २८६६३९५।०० | १३७२४०२।०० |
| उच्च शिक्षा परियोजनाबाट प्राप्त | ८७२४६०९ | ५६७८९३१।१४ | १२५०००।०० |
| सामाजिक विकास मन्त्रालय/ जिल्ला वन कार्यालय | २३३०२९ | ०।०० | ५२१२२०।०० |
| पूँजीगत अनुदान विकास बजेट | ३२००००० | २००००००।०० | |
| निःशुल्क तथा जेहेन्दार आन्तरिक आम्दानी | | ६१८७५०।०० | |

| | | | |
|---|---|---|---|
| सटर/आवास भाडा, व्याज घाँस/काठ बिक्रीबाट | | ३४१९५१६।०० | ७९८८३९४।२१ |
| धरौटी /दायित्वबाट आम्दानी | | ४४८४८९१।१७ | ३८९४२३९।६० |
| जम्मा आम्दानी | | ११२८४५५२९।८१ | ८६३७८९९६।९५ |
| गत वर्षको पेस्की रकम अल्या | ७४३८८३।३३ | ३००८८८३।३३ | ८१८८८३।३३ |
| गत वर्षको बचत | १०६७१३०६।१३ | (३७८५९२९।२२ | १७२८२५१४।९० |
| **जम्मा आम्दानी** | **७५८४६१९९।५** | **११२०६८४८३।९२** | **१०४४८०३९५।१८** |
| **खर्च विवरण** | | | |
| **खर्च - विवरण** | **आ.व. ०७७/०७८** | **आ.व. ०७८/०७९** | **आ.व. ०७८/०७९** |
| तलब भत्ता (सञ्चय कोष/उपदान कोष समेत) | ४१४३७८७४।९ | ४८९०६७७६।२५ | ५२२३५११९।२१ |
| तलव भत्ता आन्तरिक शिक्षक | | | ११८६२०७।०० |
| तलब भत्ता शिक्षक अतिरिक्त | १०१५३६६१।११ | १५३०८७४७ | १३७६४९५४।०० |
| प्रशासनिक खर्च | ३२८२८८४।८२ | ७६५३८९१।४४ | १०३६७८९९।०० |
| मर्मत खर्च तथा शैक्षिक सामग्री खरिद खर्च | ८२९६१०।०० | ५८७६०१।०० | २३३२४३२।०० |
| पूँजीगत खर्च | २०९१९२१४।५२ | २१५१००७०।०० | ३५०६९८०।०० |
| जम्मा खर्च | ७६६२३२४५।४ | ९३९६७०८५।७ | ९४०१३५९१।२१ |
| पेस्की | ३००८८८३।३३ | ८१८८८३।३३ | ८१८८८३।३३ |
| केन्द्रीय कार्यालयमा सारेको रकम | (३७८५९२९।२२ | १७२८२५१४।९ | ९६४७९२०।६४ |
| **जम्मा खर्च** | **७५८४६१९९।४६** | **११२०६८४८३।९२** | **१०४४८०३९५।१८** |

स्रोत : क्याम्पस लेखा शाखा, २०८० ।

## QAA सम्बन्धी गतिविधि

नेपालमा विश्वविद्यालय अनुदान आयोगले सन् २००७ देखि QAA कार्यक्रमलाई अगाडि बढाइरहेको छ । उच्च शैक्षिक संस्थामा पर्याप्त भौतिक पूर्वाधारहरू, छिटोछरितो र चुस्तदुरूस्त प्रशासनिक सेवा, विद्यार्थीहरूको आवश्यकता र अपेक्षाअनुकूलको पठनपाठन एवम् अनुसन्धानको व्यवस्था साथै पठनपाठन तथा अनुसन्धानलाई प्रभावकारी बनाउन आवश्यक पर्ने शिक्षणसामग्री, पुस्तकालय, प्रयोगशाला लगायत विद्यार्थीहरूको समग्र मानसिक, शारीरिक तथा शैक्षिक विकासमा नभई नहुने कुराहरूको व्यवस्था गरी शैक्षिक गुणस्तरमा सुधार ल्याउने अभिप्रायका साथ शैक्षिक तथा प्रशासनिक व्यवस्थापन प्रभावकारी छ भनी प्रमाणित गर्ने कार्यक्रमका रूपमा यसलाई चिनिन्छ । मूलतः उच्च शैक्षिक संस्थाबाट उत्पादित जनशक्ति योग्य र विश्वबजारले माग गरेअनुरूपको छ भनी प्रमाणीकरण गर्ने प्रक्रिया QAA कार्यक्रम हो । QAA कार्यक्रममा सम्वत् २०७५ सहभागी भइरहेको हाम्रो क्याम्पस यस प्रक्रियाको अन्तिम चरणमा पुगेको छ ।

QAA प्रमाणपत्र प्राप्तिका लागि अत्यन्तै महत्त्वपूर्ण मानिने क्याम्पसको शैक्षिक, भौतिक, आर्थिक तथा प्रशासनिक पक्षहरूको यथार्थ अवस्थालगायत सुधारका आगामी योजनाहरू समेत समेटिएको प्रतिवेदन Self Study Report (SSR) त्रिभुवन विश्वविद्यालय QAA केन्द्रको सिफारिसमा २०७६ माघमा विश्वविद्यालय अनुदान आयोगमा पेश भई QAA का लागि योग्य भए नभएको मूल्याङ्कन गर्न २०७७ माघ २२ देखि २४ गतेसम्म विश्वविद्यालय अनुदान आयोगबाट गठित विज्ञहरूको समूह - Peer Review Team, PRT) प्रारम्भिक अनुगमनका क्रममा क्याम्पसमा आई सरोकारवालासँगको छलफल तथा क्याम्पसको स्थलगत अनुगमनपश्चात् विभिन्न सुझावहरू दिएको थियो । यी सुझावलाई समावेश गरी २०७९ वैशाखमा अद्यावधिक स्वअध्ययन प्रतिवेदन विश्वविद्यालय अनुदान आयोगमा पठाइएकोमा सोही विज्ञ समूहले मिति २०७९ असार १३ गतेदेखि १७ गतेसम्म पुनः क्याम्पसको स्थलगत अनुगमनको कार्य सम्पन्न गरेको थियो ।

PRT को दोस्रो पटकको अनुगमनका क्रममा प्राप्त भएका थप सुझावअनुसारका कार्यहरू सम्पन्न गरी अन्तिम प्रतिवेदन विश्वविद्यालय अनुदान आयोगमा २०७९ असोजमा पेश गरिएको थियो । क्याम्पसका शैक्षिक, आर्थिक, भौतिक तथा प्रशासनिक सम्पूर्ण रेकर्डहरू सफ्टवेयरमार्फत् व्यवस्थित गर्नुपर्ने भएकोले सो कार्यमा केही विलम्ब हुन पुगेको हो । क्याम्पसको आन्तरिक जनशक्तिलाई परिचालन गरी उक्त कार्य अगाडि बढाइएकामा प्राविधिक कर्मचारीको कमीका कारण केही समय ढिलाइ हुन पुगेको कुरा यहाँहरू समक्ष निवेदन गर्दछु ।

यो रेस्पोन्स रिपोर्टको अध्ययनपश्चात् विश्वविद्यालय अनुदान आयोगको PRT बाट प्राप्त भएका थप सुझावअनुसारका कार्यहरू सम्पादन गरी वि. सं. २०८० असोज २६ गतेका दिन अन्तिम प्रतिवेदन, अद्यावधिक स्वअध्ययन प्रतिवेदन तथा सोसँग सम्बन्धित कागजातहरू विश्वविद्यालय अनुदान आयोगमा पेश गरिएको छ । विश्वविद्यालय अनुदान आयोगको समकक्षी मूल्याङ्कन समूहले यसको अध्ययन गरी अन्तिम निर्णय गर्न बाँकी रहेको छ । आशा गरौँ यो वर्षभित्रै क्याम्पसले उक्त प्रमाणपत्र प्राप्त गर्न सफल हुनेछ ।

QAA को प्रमाणपत्र लिने कार्य सोचेजति सहज नभएकाले यसका लागि संस्थामा कार्यरत जनशक्तिले आ-आफ्ना जिम्मेवारी पूरा गर्ने कुरालाई उच्च नैतिक मूल्य मान्यताको विषय बनाई आ-आफ्नो कार्य सम्पादनको स्व-मूल्याङ्कन तथा समकक्षी मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणका आधारमा थप गुणस्तरीय र उच्च दक्षतापूर्ण कार्य सम्पादन गर्न प्रेरित गर्ने उद्देश्य पनि QAA प्रमाणपत्र प्राप्त गर्नुको मुख्य ध्येय रहेकाले त्यसतर्फ सचेत भई यस क्याम्पसमा सेवारत सम्पूर्ण शिक्षक, कर्मचारीहरू थप लगनशील र जवाफदेही हुनु जरूरी देखिएको छ ।

## भौतिक अवस्था

भौतिक संरचना शैक्षिक वातावरण कायम राख्नका लागि महत्त्वपूर्ण तत्त्व हो । क्याम्पसमा कार्यक्रम थप भएका आधारमा भौतिक पूर्वाधारको विकास पनि भइरहेको छ । भौतिक व्यवस्थापनका लागि उच्च शिक्षा सुधार परियोजना र क्याम्पसमा आवश्यक देखिएका र पाँच वर्षे रणनीतिक योजनामा समावेश भएका तथा विश्वविद्यालय अनुदान आयोगबाट QAA का लागि अनुगमनमा आएको PRT को Pre Visit बाट प्राप्त सुझावअनुसारका कतिपय कार्यक्रमहरू यस आर्थिक वर्षमा निर्माण सम्पन्न भइसकेका छन् भने कतिपय सम्पन्न हुने अवस्थामा रहेका छन् ।

क्याम्पसको प्रशासनिक भवनको तेस्रो तलामा व्यवस्थित पुस्तकालयको निर्माण गरी अध्ययन कक्ष, वितरण कक्ष र सङ्ग्रह कक्ष गरी व्यवस्थापन गरिरहेकोमा पाठकवर्गको पहुँच र अपाङ्गमैत्री नभएको महसुस गरी साधनसम्पन्न छुट्टै पुस्तकालयमा E-Library समेत सञ्चालन गर्ने योजनाअनुरूप निर्माण भइरहेको नयाँ पुस्तकालयलाई यसै वर्ष पूर्णता दिने उद्देश्यले रू.१,१२,९५,३२८।८६ (अक्षरूपी एक करोड, बाह्र लाख, पन्चान्नब्बे हजार, तीन सय अट्ठाइस रूपैया र पैसा छयासी मात्र) मा पुस्तकालय निर्माणको बाँकी काम सुरूवात भएको छ । चमेनागृहलाई विस्तार गरी मर्मत गरिएको छ । गतवर्ष देखि नै क्याम्पसका सबै शाखाहरूबाट प्रदान गरिने सेवाहरूलाई Software मार्फत् सूचारू गरिएको छ । शोधपुछ कक्षको निर्माणकार्य सम्पन्न गरिएको छ ।

## प्रशासनिक एवम् शैक्षिक भवनहरूको अवस्था

क्याम्पसको ८८.२ रोपनी क्षेत्रफलभित्र प्रशासनिक भवन, शिक्षण भवन, पुस्तकालय, आवास गृह, चमेना गृह, सरस्वती मन्दिर, स्ववियु भवन, विज्ञान प्रयोगशाला, गार्डेन, खेलकूद मैदान, सपिङ कम्प्लेक्स, शौचालय लगायतका भौतिक संरचनाहरूको निर्माण गरिएको छ । क्याम्पसका विभिन्न भौतिक सम्पत्ति र सामग्रीहरूको २०८० असार मसान्तसम्मको विस्तृत विवरण क्याम्पसले हालै प्रकाशन गरेको धवल वार्षिक प्रगति प्रतिवेदन- ०७९/०८० मा समावेश गरिएको र यसलाई क्याम्पसको वेभसाइट (www.dmc.tu.edu.np) मार्फत हेर्न सकिने व्यहोरा निवेदन गर्न चाहन्छु ।

## निःशुल्क तथा जेहेन्दार छात्रवृत्तिको प्रावधान

क्याम्पस छात्रवृत्ति छनोट समितिले निर्णय गरेबमोजिम विभिन्न सङ्काय र संस्थानतर्फ अध्ययनरत् विद्यार्थीहरूलाई वार्षिक रूपमा जेहेन्दार निःशुल्क तथा जेहेन्दार छात्रवृत्ति प्रदान गर्दै आइरहेको छ । त्रिविको नियमानुसार क्याम्पसको नियमित शैक्षिक कार्यक्रमअन्तर्गत भर्ना भएका विद्यार्थीहरू मध्येबाट २० प्रतिशत बराबर विद्यार्थीहरूलाई अनिवार्य रूपमा छात्रवृत्ति प्रदान गर्नुपर्ने प्रावधान रहेको छ । शैक्षिक वर्ष २०७८ का लागि १५३ जना विद्यार्थीहरूले पूर्ण तथा आंशिक छात्रवृत्ति प्राप्त गरेका थिए र २०७९ का लागि विद्यार्थीहरूमा छात्रवृत्तिको आवेदन माग गरिएको छ । क्याम्पसले त्रिविका नियमित कार्यक्रमहरू मानविकी तथा सामाजिकशास्त्र र शिक्षाशास्त्र सङ्कायतर्फ भर्ना भएका २० प्रतिशत र व्यवस्थापन

सङ्कायतर्फ १० प्रतिशत विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गर्दै आइरहेको छ । यसका साथै विभिन्न तह र कक्षामा सर्वोत्कृष्ट अङ्कसहित उत्तीर्ण हुने ४१ जना विद्यार्थीहरूलाई पनि जेहेन्दार छात्रवृत्ति प्रदान गरिएको छ ।

## उपस्थित महानुभावहरू !

क्याम्पसले तयार गरेको गुरूयोजना तथा परिमार्जित पाँचवर्षे रणनैतिक योजनाअन्तर्गत शैक्षिक सत्र २०७९/०८० का लागि प्रस्ताव गरेका विभिन्न कार्यक्रमहरू केही कार्य सम्पन्न भइसकेका छन् भने केही सम्पन्न हुने क्रममा रहेका छन् । रणनैतिक योजनामा समावेश गरिएका मध्ये आंशिक शिक्षकलाई पूर्णकालीन सेवामा नियुक्ति गर्ने, सूचना तथा प्राविधिक कर्मचारीको नियुक्ति, वार्षिक योजना तथा एकाइ योजना तयार गरी अध्यापन गराउने, वार्षिक प्रगति प्रतिवेदन प्रकासन गर्ने, विभिन्न कार्यशाला गोष्ठी तथा तालिमको सञ्चालन, स्नातक तहमा नयाँ भर्नाका लागि प्रवेश परीक्षाको सुरूवात, बुलेटिनको नियमित प्रकाशन, QAA अन्तर्गत गठित विभिन्न उपसमितिको पुनर्गठन, गुणस्तर प्रवर्द्धन निर्देशिकाको कार्यान्वयन, क्याम्पसको समग्र पक्षका बारेमा सरोकारवाला शिक्षक, कर्मचारी तथा विद्यार्थीहरूबाट मूल्याङ्कन प्रणलीको कार्यान्वयन, गुरूयोजनाको अद्यावधिक तथा कार्यान्वयन, सेनिटरी प्याड र भेन्डिङ मेसिनको व्यवस्था, शौचालयहरूको मर्मत सम्भार तथा नियमित सरसफाई, फर्निचरहरूको मर्मतसम्भार तथा रङरोगन, शोधपुछ कक्षको निर्माण, EMIS Software को सञ्चालन, Digital Bar Code प्रयोग गरी विद्यार्थी परिचयपत्र दिने कार्यको थालनी गरिएको, विद्यार्थीहरूका लागि बैंकिङ्ग अनलाइन भुक्तानी सेवाको सञ्चालन, विज्ञान ब्लकका कक्षाकोठामा प्रोजेक्टर जडान, विज्ञान प्रयोगशाला व्यवस्थापन, रोजगारदाताहरूसँगको भेला आयोजना, SQC को गठन, अनुसन्धान निर्देशिका तयार गर्ने, अक्षयकोष कार्यविधि तयार गर्ने, E-Billing प्रणालीको सुरूवात, Tracer Study, शिक्षक तथा कर्मचारीको शैक्षिक अवलोकन भ्रमण, विद्यार्थीको कक्षा हाजिरी आदि लगायतका कार्यहरू सम्पन्न भइसकेका छन् ।

क्याम्पसमा अत्यावश्यक देखिएको प्राध्यापक कर्मचारी आवास, छात्रहरूका लागि नयाँ छात्रावास निर्माणका लागि दाता खोजी गर्ने कार्य जारी रहेको छ । क्याम्पसले पुनर्निर्माण प्राधिकरणमा पेश गरेको प्रस्तावपत्र स्वीकृत भई करिब रू. १० करोड बराबरको लागत स्टिमेटमा नयाँ शिक्षण तथा प्रशासनिक भवन निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन तयारी तथा निर्माणस्थलको माटो परीक्षणको कार्य सम्पन्न भई टेण्डरको प्रक्रियामा रहेको छ ।

यसका साथै नयाँ व्यापारिक भवन, खेलकूद भवन (कभर्ड हल) जस्ता पूर्वाधार विस्तारको कार्यलाई पनि यथासक्य छिटो अगाडि बढाउनका लागि यस समारोहमा प्रस्तावका रूपमा पेश गर्दछु । यो वर्षका लागि रणनीतिक योजनामा समावेश गरिएका गुनासो व्यवस्थापन संयन्त्रलाई अझै प्रभावकारी बनाउने, पेपरलेस प्रशासनिक कार्य सम्पादन गर्ने, मासिक रूपमा वित्तीय विवरणको अभिलेख राख्ने, क्याम्पस चार्टर अद्यावधिक गर्ने, आन्तरिक लेखा परीक्षण गर्ने, उत्तीर्ण दरलाई ५० प्रतिशतसम्म पुर्‍याउने, नयाँ बोटानिकल गार्डेनको निर्माण, जब फेयरको आयोजना गर्ने जस्ता कार्यहरूलाई यसै वर्षमा क्रमिक रूपमा पुरा गर्दै जाने प्रतिबद्धता व्यक्त गर्दछु ।

## आगामी योजना

क्याम्पसले आगामी वर्ष गर्नुपर्ने कार्यहरूलाई वार्षिक नीति तथा कार्यक्रममा विस्तृत रूपमा प्रस्तुत गरिएको व्यहोरा जानकारी गराउँदछु । QAA प्रमाण पत्र प्राप्तिका लागि विश्वविद्यालय अनुदान आयोगमा पेश गरिएको Response Report को अध्ययनपश्चात् पुनः एक पटक Peer Review Team बोलाई स्थलगत अनुगमन गराई निकट भविष्यमा नै QAA Certificate प्राप्त गर्ने, सबै कक्षाकोठामा प्रोजेक्टर जडान गरी शिक्षकहरूलाई मल्टिमेडियामार्फत् अध्यापन गर्न लगाउने, पचासपचास प्रतिशत लागत साझेदारीका आधारमा इच्छुक शिक्षकलाई Laptop उपलब्ध गराउने, शिक्षक/कर्मचारी ड्रेस अनिवार्य गर्ने, अनुसन्धान व्यवस्थान समिति र प्राध्यापक संघ एकाइ समितिबाट प्रकाशित हुने Nepjol Indexing Journal मा अनुसन्धानमूलक लेख प्रकासन गरेवापत शिक्षक तथा कर्मचारीलाई १००० (एकहजार) रूपैया बराबर पारिश्रमिकको व्यवस्था गर्ने, त्रिविको नियमानुसार छात्रवृत्ति प्राप्त गर्ने २०% बाहेक थप १०० जना विद्यार्थीलाई निःशुल्क छात्रवृत्तिको व्यवस्था गर्ने, BCA मा भर्ना अभियान चलाउने, प्रकृयामा गइरहेको नयाँ भवन निर्माण गर्ने, भारतीय दुतावाससँग पहिले पठाएको Estimate अनुसारको भवन निर्माण र प्रस्ताव पठाइसकेको क्याम्पस बस प्राप्तिका लागि आवश्यक पहल गर्ने,

शिक्षक कर्मचारीलाई अनुसन्धानमुखी/दक्षता वृद्धि र प्राज्ञिक लेखनका कार्यशाला गोष्ठीहरू सञ्चालन गर्ने, विद्यार्थीलाई बैकिंङ व्यवस्थापन/लोकसेवा आयोग, शिक्षक सेवा आयोग, तथ्याङ्क प्रविष्टी तथा विश्लेषणसम्बन्धी (Data entry and analysis Non- credit course) तालिमको व्यवस्था गर्ने, विज्ञान भवनको अगाडि बोटानिकल गार्डेन निर्माण गर्ने, खानेपानीका लागि Boaring सिस्टमबाट पटकपटक प्रयास गर्दा पानी निकाल्न ननिस्केकाले पुनः ठेकेदारलाई बोलाई पानी निकाल्ने काममा पहल गर्ने, राम्रो काम गर्ने शिक्षक कर्मचारीलाई सम्मान र गलत गर्नेलाई सजाँय, जेहेन्दार, नियमित र अनुशासित विद्यार्थीलाई सम्मान गर्ने, क्याम्पसको तल्लो र माथिल्लो हातामा पक्की तारबार लगाउने, दरबन्दीअनुसार शिक्षक कर्मचारी व्यवस्थापन गर्ने, शिक्षक, कर्मचारी तथा विद्यार्थीको शैक्षिक भ्रमणका कार्यक्रमलाई निरन्तरता दिने, २०८१ को बडादशैंमा पूर्व विद्यार्थी पुनर्मिलन कार्यक्रम गर्ने, उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीका अभिभावकलाई सम्मान गर्ने र छात्रवृत्ति कोषको रकम बढाउने जस्ता कार्यक्रमहरूलाई यथासम्भव सम्पन्न गर्दै लगिने छ ।

## उपस्थित महानुभावहरू !

स्थापनाकालदेखि नै आर्थिक तथा भौतिक समस्याहरूसँग मुकाविला गर्दै सीमित साधन र स्रोतहरू परिचालन गरेर क्याम्पसलाई वर्तमान अवस्थासम्म ल्याइपुऱ्याउने क्रममा विभिन्न अनुभवहरू प्राप्त भएका छन् । यसै सिलसिलामा क्याम्पसका समग्र समस्याहरूलाई सूक्ष्मरूपले विश्लेषण गर्दा समाधानका उपायहरू केही सहज बन्ने देखिएकोले ०७३/०७४ देखि पञ्चवर्षीय रणनैतिक योजना तयार गरी सोहीअनुसार शैक्षिक तथा प्रशासनिक लगायत भौतिक पूर्वाधार विकासका कार्यहरू अगाडि बढाइएको छ । आगामी पाँच वर्षका लागि पनि क्याम्पसले दोस्रो रणनीतिक योजना ०७९/०८० -०८३/०८४ तयार गरी कार्यान्वयनमा ल्याएको छ । क्याम्पसका भौतिक, शैक्षिक, आर्थिक तथा प्रशासनिक अवस्था, QAA कार्यक्रमअन्तर्गत गठित विभिन्न उपसमितिहरूका प्रगति प्रतिवेदन तथा विभागीय प्रतिवेदनहरूलाई समावेश गरी प्रकासन गरिंदै आएको धवल वार्षिक प्रगति प्रतिवेदन यो वर्ष पनि प्रकासन गरिएको छ । क्याम्पसले विभिन्न समयमा आयोजना गर्ने कार्यक्रमहरूलाई समावेश गरी नियमित रूपमा क्याम्पस बुलेटिन प्रकासन गरिंदै आएको छ ।

त्रिविको आङ्गिक क्याम्पसका रूपमा सञ्चालित यो क्याम्पस हाल त्रिविको स्वायत्त क्याम्पसका रूपमा रहेको छ । स्वायत्तता ऐनअन्तर्गत सञ्चालक समितिको समेत गठन भइसकेकाले क्याम्पसका भौतिक, शैक्षिक, आर्थिक लगायतका नीतिगत प्रस्ताव, कार्यक्रम तथा योजनाहरू सञ्चालक समितिका तर्फबाट प्रस्तुत हुने प्रतिवेदनमा समेटिएकाले यस वर्षका लागि तय भएका कार्यक्रम तथा योजनाहरूको प्रगति विवरणलाई सङ्क्षिप्तरूपमा यस प्रतिवेदनमा प्रस्तुत गरिएको व्यहोरा अनुरोध गर्दछु । वार्षिकोत्सवको कार्यक्रमलाई भव्य र सभ्य बनाउन खटिनुहुने क्याम्पस सञ्चालक समिति, प्राध्यापक, कर्मचारी, स्ववियु, क्याम्पसमा क्रियाशील विद्यार्थी संगठनहरू, विद्यार्थी गुणस्तर समूह, विद्यार्थी, पत्रकार, अभिभावक लगायत सम्पूर्णलाई क्याम्पसका तर्फबाट धन्यवाद दिन चाहन्छु । क्याम्पस स्थापनाको ६१ औं वर्ष प्रारम्भ भएकाले यो वर्षलाई विविध योजना तथा कार्यक्रमसहित क्याम्पसको शैक्षिक उपलब्धिको वर्षका रूपमा सफल पार्न हामी सबैको सहकार्य तथा ऐक्यबद्धता रहने छ भन्ने अपेक्षा गर्दछु । अन्त्यमा क्याम्पसको उत्तरोत्तर प्रगतिको कामनासहित यो प्रतिवेदनका सम्बन्धमा यहाँहरूको रचनात्मक सुझावसहित अनुमोदनका लागि अनुरोध गर्दछु । धन्यवाद !